# आ.व. २०७८/७९ को लागि समपूरक तथा विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव आव्हान सम्वन्धी जरुरी सूचना

## प्रथम पटक प्रकाशित मिति २०७७/११/०२

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७८/७९ को लागि विनियोजन गर्ने समपूरक अनुदान तर्फ स्थानीय तहहरुको साझेदारीमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने र विशेष अनुदान तर्फका योजना तथा कार्यक्रमहरु समेत कार्यान्वयन गर्ने सन्दर्भमा सबै स्थानीय तहहरुबाट योजना तथा कार्यक्रमहरुको प्रस्ताव प्राप्त गरी आगामी आ.व. २०७८/७९ को बजेटमा उक्त आयोजनाहरु छनौट गर्ने हेतुले तल उल्लिखित शर्तहरुको अधिनमा रही २०७७ फाल्गुन मसान्त भित्र यस मन्त्रालयमा आइपुग्ने गरी समपुरक अनुदान तर्फका योजना तथा कार्यक्रमको हकमा कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन) को अनुसूची १ बमोजिमको ढाँचामा उल्लिखित कागजात सहित तथा विशेष अनुदान तर्फका कार्यक्रमको हकमा कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन) को अनुसूची १ बमोजिमको ढाँचामा कार्यपालिकाको निर्णय सहित छुट्टाछुट्टै प्रस्ताव पठाउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

क) समपुरक अनुदान तर्फ

१. प्रदेश सरकारसँग साझेदारीमा सञ्चालन गर्न आवश्यक देखिएका स्थानीय सडक, सिँचाई, खानेपानी, सामुदायिक विद्यालय, जनस्वास्थ्य पूर्वाधार, एकिकृत वस्ती विकास लगायतका पूर्वाधारसँग सम्वन्धित योजना हुनुपर्नेछ ।

२. समपूरक अनुदानबाट सञ्चालित आयोजनाहरुको लागत रु १ करोड भन्दा बढीको हुनुपर्नेछ ।

३. यस्ता आयोजनाहरुमा कर्णाली प्रदेश सरकारले ५० प्रतिशत र सम्वन्धित स्थानीय तह तथा अन्य स्रोतबाट समेत गरी बाँकी ५० प्रतिशतले हुन आउने रकम व्यहोर्नुपर्नेछ ।

४. दुई वा दुई भन्दा बढी स्थानीय तहहरुबाट संयुक्त रुपमा योजना माग भई आएमा प्रदेशले थप १० प्रतिशत अर्थात ६० प्रतिशत सम्म लागत व्यहोर्ने छ ।

५. यस्ता आयोजनाहरु आगामी आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न भइसकेको हुनुपर्नेछ ।

६. यस्ता आयोजनाहरुको कार्यान्वयन प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का प्रक्रियाद्वारा गर्नुपर्नेछ ।

७. आगामी आर्थिक वर्षको असार मसान्तसम्म खर्च नभइ बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

८. आगामी आर्थिक वर्षमा सुरु भएका आयोजनाहरु सम्पन्न नभइ बाँकी रहन गएमा बाँकी कामको लागि प्रदेश सरकारले दायित्व व्यहोर्ने छैन र सो काम सम्वन्धित स्थानीय तहको आफ्नै बजेट तथा स्रोतबाट सम्पन्न गर्नुपर्नेछ ।

९. अन्य प्रक्रियाहरु कर्णाली प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन) बमोजिम हुनेछ ।

१०. समपूरक योजनाको प्रस्ताव संख्या वढीमा ३ वटा पठाउनु पर्नेछ ।

ख) विशेष अनुदान तर्फ

१. विकासमा राष्ट्रिय औसतभन्दा पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि सञ्चालन गरिने सामाजिक विकासका कार्यक्रमहरु अथवा विपद्को कारणवाट विस्थापित व्यक्तिहरुको पुनर्स्थापनाको लागि शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा प्रदान गर्न सञ्चालन गरिने आयोजनाहरु हुनुपर्नेछ ।

२. रु २० लाख भन्दा वढी लागत अनुमान भएका योजना तथा कार्यक्रम हुनुपर्ने ।

३. विशेष अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र अनिवार्य रुपमा सम्पन्न गर्नुपर्नेछ । तोकिएको समयावधि भित्र योजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न नभएमा बाँकी कार्यको लागि अनुदान रकम उपलब्ध गराइने छैन ।
४. यस्ता आयोजनाहरु आगामी आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न भइसकेको हुनुपर्नेछ ।
५. आगामी आर्थिक वर्षको मसान्तसम्म खर्च नभइ बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।
६. अन्य प्रकियाहरु कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन) बमोजिम हुनेछ ।
७. विशेष योजनाको प्रस्ताव संख्या बढीमा ३ वटा पठाउनु पर्नेछ ।

<u>समपूरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्दा चाहिने आवश्यक कागजातहरु</u>

१. नगर/गाउँपालिकाको योजनाको प्राथमिकिकरण सहितको पत्र ।
२. नगर/गाउँ कार्यपालिकाको निर्णय ।
३. आयोजना तथा कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान ।
४. प्रत्येक योजनाको लागि कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७५ र कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७५ को अनुसूची १ भरिएको फारम ।
५. प्रत्येक आयोजनाको लागि संलग्न बमोजिमको शर्त घोषणा फारम समेत पेश गर्नुपर्नेछ ।

*नोटः १. समपूरक तथा विशेष अनुदान तर्फ २०७७ फाल्गुन मसान्तसम्म प्राप्त प्रस्तावहरुको लागि मात्र आवश्यक कारवाही गरी त्यसपश्चात प्राप्त हुने प्रस्तावहरु छनौटमा समावेश नगरिने हुँदा समयमा नै प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।*

*२. मन्त्रालयको वेबसाईट www.moeap.karnali.gov.np मा राखिएका कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ तेस्रो संशोधन र कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ तेस्रो संशोधन अध्ययन गर्नुहुन साथै थप जानकारी आवश्यक भएमा यस मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाको फोन नं. ०८३-५२१३७१ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।*